प्रमुख सचिव

# विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि वनाई लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. <u>विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ८ मा संशोधन:</u> विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ८ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) को सट्टा देहाय बमोजिमको खण्ड (ख), (ग) र (घ) राखिएको छः-

"(ख) अधिकृतस्तर प्रतिनिधि, शिक्षा विकास निर्देशनालय - सदस्य

(ग) आयोगले खटाएको अधिकृतस्तर नवौं/दशौं तहको प्रतिनिधि, प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) मन्त्रालयले तोकेको सम्वन्धित विषय विज्ञ - सदस्य

३. <u>मूल कार्यविधिको दफा १० मा संशोधन:</u> मूल कार्यविधिको दफा १० को उपदफा (२) र (३) को सट्टा देहाय बमोजिमको उपदफा (२) र (३) राखिएको छः-

"(२) विद्यालय नर्सको परीक्षाका लागि दरखास्त आव्हान गर्दा प्रत्येक जिल्ला अनुसार दरखास्त आव्हान गर्नु पर्नेछ।

(३) एक उम्मेदवारले एक जिल्लामा मात्र दरखास्त पेश गर्नु पर्नेछ।"

४. <u>मूल कार्यविधिको दफा १५ मा संशोधन:</u> मूल कार्यविधिको दफा १५ को सट्टा देहाय बमोजिमको दफा १५ राखिएको छः-

"१५. <u>प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालन:</u> (१) विद्यालय नर्सको छनौट तथा सिफारिस समितिले प्रश्नपत्रको निर्माण गर्नु पर्नेछ।

प्रदेश सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

(२) उक्त प्रश्नपत्र निर्माण गर्दा प्रदेश लोकसेवा आयोगको सम्बन्धित तहको सेवाअनुसार प्रचलित मापदण्ड बमोजिम निर्माण गर्नु पर्नेछ र उक्त प्रक्रियामा गोपनियतालाई विशेष ध्यान दिनु पर्नेछ।

(३) विद्यालय नर्स परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायत अन्य प्रक्रियाको लागि खर्च मापदण्ड प्रदेश लोकसेवा आयोगले तोकेको मापदण्ड बमोजिम हुनेछ।"

५. <u>मूल कार्यविधिको दफा १६ मा संशोधन:</u> मूल कार्यविधिको दफा १६ को सट्टा देहाय बमोजिमको दफा १६ राखिएको छः-

"१६. <u>अन्तर्वार्ता:</u> अन्तर्वार्ताको सञ्चालन तथा छनौट प्रक्रिया सम्वन्धित पद तथा तह अनुसार प्रदेश लोक सेवा आयोगको मापदण्ड बमोजिम हुनेछ।"

६. <u>मूल कार्यविधिको दफा १७ मा संशोधन:</u> मूल कार्यविधिको दफा १७ को खण्ड (क) को सि.नं ३ को सट्टा देहाय बमोजिमको सि.न. ३ राखिएको छः-

| | | | |
|---|---|---|---|
| "३ | स्थानीयता | सम्वन्धित जिल्लाको बासिन्दा भएमा | ५ |
| | | सम्वन्धित प्रदेशको बासिन्दा भएमा | ३" |

७. <u>मूल कार्यविधिको दफा १८ मा संशोधन:</u> मूल कार्यविधिको दफा १८ को उपदफा (३) र (४) को सट्टा देहायबमोजिमको उपदफा (३) र (४) राखिएको छः-

"(३) लिखित परीक्षाको नतिजा प्रकाशनपछि अन्तर्वार्ता अगावै उम्मेदवारले दरखास्त दिएको जिल्लाभित्रका विद्यालय छनौट फारम भर्नु पर्नेछ र सोही बमोजिम योग्यताक्रम अनुसार छनौट गरिएका विद्यालयमा विद्यालय नर्सलाई सिफारिस गरी पदस्थापन गरिनेछ।

(४) सिफारिस भएका उम्मेदवारले तोकिएको समयभित्र करार सम्झौता गर्न नआएमा वा कामकाज गर्दा गर्दै बिचैमा छोडेमा वा करार भङ्ग भई पद खाली भएमा सम्वन्धित जिल्लामा भएको वैकल्पिक उम्मेदवारको योग्यताक्रमबाट क्रमशः पदपुर्ति गरिनेछ। तर सम्बन्धित जिल्लामा कुनै पनि वैकल्पिक उम्मेदवार नभएमा वा कुनै जिल्लामा दरखास्त नपरेमा वा कुनै पनि उम्मेदवार सिफारिस हुन नसकी पदपुर्ति हुन

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

नसकेमा त्यस्तो जिल्लाको विद्यालयमा छनौट एवं सिफारिस समितिले अन्य जिल्लाका वैकल्पिक उम्मेदवारलाई योग्यताक्रम अनुसार क्रमशः सिफारिस गर्न सक्नेछ।"

८. मूल कार्यविधिको दफा २२ मा संशोधनः मूल कार्यविधि को दफा २२ को सट्टा देहाय बमोजिमको दफा २२ राखिएको छः-

"२२. पारिश्रमिक, चाडपर्व र पोशाक खर्चको भुक्तानीः (१) छ महिनाभन्दा बढी निरन्तर करार सेवामा काम गरेका विद्यालय नर्सलाई प्रचलित प्रदेश निजामति सेवा ऐन तथा नियमावली बमोजिम प्रत्येक वर्ष एक महिना बराबरको पारिश्रमिक वापतको रकम चाडपर्व खर्चका रुपमा र नियमानुसार पोशाक खर्च दिइनेछ।

(२) विद्यालय नर्सको पारिश्रमिक लगायत अन्य सुविधा स्वास्थ्य मन्त्रालयबाट विनियोजन गरी सम्वन्धित स्वास्थ्य कार्यालय मार्फत भुक्तानी गर्नु पर्नेछ।

(३) यस कार्यविधिमा तोकिएदेखि वाहेक सेवासुविधा र अन्य शर्तहरु सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।"

९. मूल कार्यविधिमा दफा २२क. र २२ख. थपः मुल कार्यविधिको दफा २२ पछि देहायको दफा २२क. र २२ख. थपिएको छः-

"२२क. विद्यालय नर्सको विदा लगायत अन्य सेवा सुविधाः (१) विद्यालय नर्सले मासिक रुपमा एक दिन भैपरी विदा प्राप्त गर्न सक्नेछन्।

(२) उपदफा (१) बाहेक किरिया विदा पन्ध्र दिन र प्रसुति विदा अन्ठानब्बे दिन पाउनेछन्।

(३) विना सुचना कार्यरत विद्यालय वा कार्यालयमा उपस्थित नभएमा त्यस्तो अनुपस्थित दिनको तलव पाउने छैन।"

"२२ख. विद्यालय नर्सलाई कामकाजमा खटाउन सक्नेः (१) स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयको निर्णय अनुसार विद्यालय नर्सलाई महामारी वा स्वास्थ्य आपतकालको अवस्था वा अत्यावश्यक स्वास्थ्य सेवा वा अन्य स्वास्थ्य सेवा सम्बन्धी कामकाजमा जुनसूकै समयमा आवश्यकता अनुसार स्वास्थ्य संस्थामा खटाउन सक्नेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव



CamScanner

(२) सम्बन्धित स्वास्थ्य कार्यालय वा विद्यालय रहेको स्थानीय तहले विद्यालय नर्सलाई आवश्यकता अनुसार थप निकायका लागि कार्य जिम्मेवारीसँग सम्बन्धित तालिममा पठाउन सक्नेछ।

(३) स्थानीय तहले सरकारी कामकाजको सिलसिलामा विद्यालय नर्सलाई दैनिक भ्रमणमा काजमा खटाउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम दैनिक भ्रमण भत्ता पाउने स्थानमा काजमा खटिँदा भ्रमण खर्च नियमावली बमोजिम स्वास्थ्य सेवाको पाचौं तहले पाउने दैनिक भ्रमण भत्ता बराबरको रकम पाउनेछ।"

१०. मुल कार्यविधिमा दफा ३४क. थप: मुल कार्यविधिको दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छः-

"३४क. कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिएका विषय प्रदेश लोक सेवा आयोगका नियमहरु विपरित नहुने गरी कार्यान्वयन हुनेछ र यसरी कार्यान्वयन भएका विषय कानून बमोजिम भए गरेको मानिनेछ।"

प्रदेश सचिव